# नेपालमा समावेशी शिक्षाबारे प्रचलित भ्रम र यथार्थ

**राम तिवारी**

यस लेखमा समावेशी शिक्षाबारे प्रचलित भ्रमहरू र त्यसबारेका यथार्थहरू पस्किने प्रयास गरिएको छ ।

## भ्रम १: समावेशी शिक्षा भनेको केवल अपाङ्गता भएका विद्यार्थीका लागि मात्र हो ।

धेरैलाई लाग्छ कि समावेशी शिक्षा भन्नासाथ शारीरिक वा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई मात्रै ध्यान दिनु हो । तर वास्तवमा यो सबै प्रकारका विविधता (जातीय, भाषिक, लैङ्गिक, सामाजिक, आर्थिक) लाई समेट्ने अवधारणा हो । समावेशी शिक्षा कुनै विशेष कार्यक्रम नभई प्रत्येक बालबालिकाको मौलिक अधिकार हो । चाहे उनीहरू अपाङ्गता भएका हुन् वा आर्थिक रूपमा कमजोर वा ग्रामीण/शहरी भेगका हुन् वा कुनै भाषा वा जातीय पृष्ठभूमि फरक भएका हुन् हरेक बालबालिकाले सबैले समान गुणस्तरीय शिक्षा पाउने अधिकार राख्छन् ।

खासमा समावेशी शिक्षा भनेको सबै किसिमका बालबालिकालाई एउटै शैक्षिक वातावरणमा सिक्ने अवसर दिने अवधारणा हो । नेपालको संविधान २०७२ को धारा ३१ ले सबै बालबालिकालाई शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ । विशेष गरी अपाङ्गता भएका बालबालिकाको हकमा अपाङ्गता अधिकार ऐन २०७४ र शिक्षा ऐन २०७३ ले गुणस्तरीय र समावेशी शिक्षा उपलब्ध गराउने कानुनी व्यवस्था गरेको छ । यसले देखाउँछ कि समावेशी शिक्षा नेपालको कानुनी ढाँचामा नै मान्यता प्राप्त अधिकार हो ।

UNESCO को सन् १९९४ को सालामाङ्का घोषणापत्रले समावेशी शिक्षा सबै बालबालिकाको अधिकार हो भनेको छ जसमा अपाङ्गता भएका मात्र नभई सीमान्तकृत समुदाय, गरिबीमा रहेका, भाषा वा सांस्कृतिक भिन्नता भएका बालबालिकासमेत पर्छन् । युनिसेफको प्रतिवेदन अनुसार विश्वमा करिब २५ करोड बालबालिका अझै पनि विद्यालयबाहिर छन् जसमा अपाङ्गता भएका मात्र नभई गरिबी, भेदभाव, लैङ्गिक असमानता र विविध अवस्थाका बालबालिका पनि पर्छन् ।[1] यी सबैलाई शिक्षा दिने अवधारणा नै समावेशी शिक्षा हो ।

## भ्रम २: समावेशी शिक्षा अत्यन्त खर्चिलो हुन्छ ।

[1] स्रोत: https://www.unesco.org/gem-report/sites/default/files/medias/fichiers/2024/01/GAW2014-Facts-Figures-gmr_0.pdf.pdf

कतिपयलाई लाग्छ कि समावेशी शिक्षा शुरू र कार्यान्वयन गर्न विद्यालयमा ठूलो लगानी, विशेष उपकरण वा पूर्वाधार चाहिन्छ । तर वास्तवमा धेरैजसो समावेशी अभ्यासहरू विद्यालयमा पहिले नै भएका स्रोत प्रयोग गरेर र भएका स्रोतसाधनलाई बहुउपयोगी बनाएर सबै खालका विद्यार्थीको आवश्यकता पूरा गर्न सकिन्छ ।

सहजै गर्न सकिने व्यवस्थापकीय परिवर्तन र शिक्षण शैलीमा लचकताले पनि समावेशी शिक्षाको वातावरण बनाउन सकिन्छ । उदाहरणका लागि एउटा शिक्षकले सबै विद्यार्थीलाई समेट्ने गरी अध्यापन शैली विकास गरेमा, छुट्टै कक्षाको आवश्यकता पर्दैन । सबैका लागि सहज हुने कक्षाकोठा बनाउँदा अपाङ्गता भएका विद्यार्थीलाई मात्र होइन सबै विद्यार्थीलाई फाइदा हुन्छ । पहूँचयुक्त शौचालय बनाउदा सबै विद्यार्थीलाई सहज हुन्छ ।

त्यसैले समावेशी शिक्षा भनेको महँगो उपकरण किन्ने मात्र होइन, शिक्षकको दृष्टिकोण र शिक्षण शैली बदल्दा खर्चभन्दा बढी प्रभावकारिता बढ्छ ।  अर्कोतर्फ, छुट्टै विशेष विद्यालयहरू चलाउन अझै धेरै खर्च लाग्ने कुरा तथ्यले पुष्टि गरिसकेको छ । यस्तो विद्यालयमा छुट्टै शिक्षक, भवन, यातायात, सामग्री र व्यवस्थापन चाहिन्छ, जुन राज्य वा संस्थाका लागि दीर्घकालीन रूपमा टिकाउ हुँदैन । त्यसको सट्टा एउटै विद्यालयमा सबैलाई समेटेर शिक्षादिने व्यवस्था गर्नु सस्तो मात्र होइन न्यायसंगत पनि हुन्छ ।

UNESCO र विश्व बैंकका विभिन्न अध्ययनहरूले पनि देखाएका छन् कि समावेशी शिक्षा दीर्घकालीन रूपमा दिगो पनि हुन्छ ।[2] फिनल्याण्ड, क्यानाडा, पोर्चुगलजस्ता देशहरूले समावेशी शिक्षा सफल रूपमा कार्यान्वयन गरेका छन् र अतिरिक्त खर्च भएको देखिएको छैन ।

## भ्रम ३: समावेशी शिक्षाले सिकाइको स्तर घटाउने काम मात्र गर्छ ।

कतिपय शिक्षक वा अभिभावकलाई लाग्छ कि अपाङ्गता भएका वा सिकाइमा कठिनाई भएका विद्यार्थीलाई एउटै कक्षामा राख्दा त्यसले कक्षामा भएका अन्य उत्कृष्ट विद्यार्थीहरूको सिकाइ क्षमतामा असर पार्दछ । यो धारणा अनुसार सिकाइमा कठिनाई भएका विद्यार्थीहरूलाई एउटै कक्षामा राख्दा उत्कृष्ट विद्यार्थीहरूको ध्यान भंग हुन्छ, उनीहरूको शैक्षिक क्षमता घट्छ भन्ने भय हुन्छ ।

तर अनुसन्धानहरूले देखाउँछ कि विविध खालका विद्यार्थीहरूबीचको सहकार्यले सबैको सामाजिक, भावनात्मक र शैक्षिक प्रगति बढ्छ ।[3] समावेशी शिक्षा लागू गर्दा शिक्षकहरूले फरक-फरक तरिकाले पढाउन सिक्छन्, जसले सबै विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्न मद्दत गर्छ । जस्तै प्रविधिको प्रयोग हुँदा यसले सबै विद्यार्थीलाई फाइदा दिन्छ र सबैको शिक्षण–सिकाइलाई अझ प्रभावकारी बनाउँछ  सिकाइमा कठिनता वा न्यूनदृष्टि भएका विद्यार्थीलाई

[२] स्रोतः https://www.worldbank.org/en/topic/education/brief/inclusive-education

[३] स्रोतः https://www.unesco.org/gem-report/sites/default/files/medias/fichiers/२०२४/०१/GAW२०१४-Facts-Figures-gmr_०.pdf.pdf

बनाइएका चित्र वा सिकाई सामग्रीले भाषा कमजोर भएका बालबालिकालाई पनि सहयोग गर्दछ । ह्वीलचेयर प्रयोग गर्नेका लागि बनाइएका र्‍याम्प सबै विद्यार्थी र अभिभावकका लागि उपयोगी हुन्छन् ।

अनुसन्धानहरूले देखाएका छन् कि समावेशी कक्षामा अध्ययन गर्ने बालबालिका सामाजिक कौशल, सहकार्य र दीर्घकालीन सिकाइमा सामान्य कक्षाभन्दा अझ राम्रो प्रदर्शन गर्छन् र यसबाट गुणस्तर घट्ने होइन, अझै बढ्ने देखिएको छ । एक अन्तर्राष्ट्रिय अनुसन्धान (UNESCO, 2017) अनुसार समावेशी शिक्षा विद्यार्थीहरूको सामाजिक विकास मात्र होइन, सामान्य शिक्षा प्रदर्शनमा पनि सुधार ल्याउँछ ।[4] विशेष आवश्यकताका विद्यार्थीले मात्र होइन, सामान्य विद्यार्थीहरू पनि समावेशी कक्षाबाट लाभान्वित हुन्छन् ।

फिनल्याण्डले विश्वकै सबैभन्दा सफल शिक्षा प्रणालीको रूपमा समावेशी शिक्षा लागू गरेको छ । यहाँ सबै विद्यार्थीहरू एउटै कक्षामा पढ्छन्, जसले सामाजिक एकता र सिकाइमा गुणस्तर वृद्धि गरेको छ । अन्तर्राष्ट्रिय विद्यार्थी मूल्यांकन (PISA) मा फिनल्याण्डले लगातार उच्च स्थान पाइरहेकोछ यसको प्रभावले गर्दा विद्यार्थीहरूको शिक्षा परिणाममा सुधार आएको छ । समावेशी शिक्षा सही तरिकाले लागू गर्दा सिकाइको गुणस्तरमा सुधार हुन्छ, सामाजिक स्वीकार्यता बढ्छ साथै सबै विद्यार्थीहरूलाई अवसरहरू प्राप्त हुन्छ ।

## भ्रम ४: समावेशी शिक्षा भनेको सबैलाई एउटै तरिकाले पढाउनु हो ।

समावेशी शिक्षाको गलत बुझाइले गर्दा सबै विद्यार्थीलाई समान व्यवहार गर्नुपर्ने भन्दै एउटै विधि, एउटै सामग्री र एउटै पाठ्यक्रम प्रयोग गर्नुपर्ने हो भन्ने गलत प्रचलन छ ।

वास्तवमा समावेशी शिक्षा भनेको व्यक्तिगत आवश्यकताअनुसार शिक्षक–शिक्षण रणनीति परिवर्तन गर्नु हो न कि सबैलाई एउटै विधि थोपार्नु । समावेशी शिक्षाको मूल उद्देश्य नै प्रत्येक विद्यार्थीको व्यक्तिगत आवश्यकता, क्षमता र पृष्ठभूमिलाई बुझेर, उनीहरूका लागि उपयुक्त सिकाइ वातावरण बनाउनु हो । एउटै उपाय वा तरिका सबैका लागि उपयुक्त हुदैन् भन्ने सोचले समावेशी शिक्षाको वास्तविक भावनालाई गलत बुझाएको छ । सबैले एउटै पाठ्यपुस्तक पढ्नुपर्छ, एउटै सिकाइ पद्धति प्रयोग गर्नुपर्छ, "एकै आकार सबैलाई मिल्छ" (one size fits all) भन्ने गलत बुझाइ छ । खासमा यसको सट्टा यो सबैलाई विविध तरिकाहरू प्रयोग गर्नु (multiple approaches for all) हो । अर्थात्, एउटै विषयवस्तु वा उद्देश्य भए पनि विद्यार्थीलाई त्यो सिकाइमा पुग्न विभिन्न माध्यम प्रयोग गरिन्छ । उदाहरणका लागि एकै कविता सबैले पढ्न सक्छन् तर कुनैले किताबबाट, कुनैले अडियोबाट र कुनैले चित्रमार्फत गर्न सक्छन् । यस किसिमको लचकताले सबै विद्यार्थीलाई सक्रिय सिकाइमा सहभागी बनाउँछ ।

---

[४] स्रोतः https://unesdoc.unesco.org/ark:/४८२२३/pf००००३७४२४६

सिकाईको सर्वानुकुलित ढाँचा (Universal Design for Learning) अनुसार एउटै विषयलाई धेरै तरिकाबाट प्रस्तुत गर्न सकिन्छ जस्तै पढेर, सुनेर, चित्रमार्फत वा अभ्यास गरेर । यसले सबै विद्यार्थीलाई आफ्नो सिकाइ शैली र सिकाइ क्षमता अनुसार सिक्न सहज बनाउँछ । सहायक उपकरण दृष्टिविहीनका लागि ब्रेल वा स्क्रिन रिडर,श्रवण समस्याका लागि श्रवण सहायक सामाग्री वा सांकेतिक भाषा, सिकाइमा समस्या भएका बालबालिकाका लागि प्रविधिमा आधारित खेल–खेलमै सिक्ने सामग्रीको, अक्षरलाई आवाजमा बदल्ने सफ्टवेयर (Text-to-speech software) पढ्न गाह्रो हुने विद्यार्थीका लागि प्रयोग गर्न सकिन्छ । त्यसैगरी बोलीलाई अक्षरमा उतार्ने प्रविधि (Speech-to-text) लेख्न नसक्ने विद्यार्थीहरूका लागि दिन सकिन्छ ।

यसरी जब विद्यार्थीहरूलाई उनीहरूको आवश्यकता अनुसार शिक्षण सामग्री, मूल्यांकन विधि र सहयोग उपलब्ध गराइन्छ, उनीहरूको सिकाइमा गुणस्तरिय सुधार आउँछ । केवल एउटै उपकरण प्रयोग गर्नुले कतिपय विद्यार्थीलाई पछि पार्न सक्छ । त्यसैले समावेशी शिक्षा भनेको सबैलाई एउटै कुर्सीमा बसाल्नु होइन सबैका लागि उपयुक्त सिट बनाउनु हो ।

विद्यालयहरूमा स्रोत शिक्षक, सहयोगी कर्मचारी र व्यक्तिगत शैक्षिक योजना (Individualized Education Plan) को व्यवस्था गरेर प्रत्येक विद्यार्थीको आवश्यकताअनुसार शिक्षा प्रदान गर्न सकिन्छ ।

पोर्चुगलले पनि प्रणालीगत सुधारबाट समावेशी शिक्षामा छलाङ मारेको छ ।आफ्नो शिक्षा प्रणालीमा व्यापक सुधार गर्दै समावेशी शिक्षालाई सफलतापूर्वक कार्यान्वयन गरेको छ । सन् २००८ पछि विशेष विद्यालयहरूलाई क्रमशः हटाउँदै सबै विद्यार्थीलाई सामान्य विद्यालयमा समावेश गर्न थालेको हो । विद्यालयहरूमा बहु-शाखीय सहयोग टोली (multidisciplinary support teams) र सिकाईको सर्वानुकुलित ढाँचा अपनाइएको छ र फलस्वरूप पोर्चुगलमा ९८% भन्दा बढी अपाङ्गता भएका विद्यार्थीहरू मूलप्रवाहका विद्यालयमा अध्ययन गरिरहेका छन् ।[5]यसले उनीहरूको सामाजिक र शैक्षिक विकासमा सकारात्मक प्रभाव पारेको छ ।

भ्रम ५: समावेशी शिक्षा ग्रामीण नेपालमा सम्भव छैन ।

स्रोतसाधनको कमी, प्रशिक्षित शिक्षकको अभाव र भौतिक पूर्वाधार कमजोर भएकाले ग्रामीण नेपालमा समावेशी शिक्षा कार्यान्वयन नै गर्न सकिँदैन भन्ने गलत धारणा व्यापक छ । अहिले पनि धेरैले सोच्ने गर्छन् कि समावेशी शिक्षा लागू गर्न विशेष संरचना, महँगो उपकरण वा ठूलो स्रोत चाहिन्छ, जुन ग्रामीण क्षेत्रमा सम्भव छैन । यो सोच गलत हो ।

[५] स्रोतः https://easpd.eu/fileadmin/user_upload/Projects/१.५.५_IE__Country_Report_Portugal.pdf

तर वास्तवमा स्थानीय स्रोतहरूको उपयोग, सामुदायिक सहभागिता र सन्दर्भअनुकूल उपायहरूले समावेशी शिक्षा सम्भव हुन्छ । नेपालका ग्रामीण क्षेत्रहरूमा अझ धेरै बालबालिका शिक्षाको पहुँचभन्दा टाढा छन् । खासगरी अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, मधेसी, मुस्लिम, थारू जस्ता समुदायका बालबालिका धेरैजसो विद्यालय बाहिर छन् वा शिक्षामा सक्रिय रूपमा सहभागी हुन पाएका छैनन् । यिनलाई शिक्षामा ल्याउन समावेशी शिक्षा अत्यावश्यक हुन्छ किनभने यसले सबै प्रकारका विद्यार्थीहरूलाई एउटै कक्षामा समावेश गर्ने र उनीहरूको फरक आवश्यकता अनुसार सहयोग पुऱ्याउने अवसर दिन्छ ।

स्थानीय स्रोतको प्रयोग गरी गाउँमा पाइने स्थानीय सामग्री, चित्र, खेलकुद, समुदायको ज्ञान आदिलाई शिक्षण–सिकाइमा प्रयोग गर्न सकिन्छ । यसले लागत घटाउँछ र विद्यार्थीलाई अझै व्यवहारिक सिकाइ दिन्छ । साथै तालिम र सचेतनाको माध्यमबाट गाउँका शिक्षकलाई पनि समावेशी विधि सिकाउन सकिन्छ ।

गाउँमा पनि साधारण तर प्रभावकारी उपाय अपनाउन सकिन्छ जस्तै दृष्टिविहीनका लागि साथी विद्यार्थीले पढेर सुनाउने, श्रवण समस्याका लागि शिक्षकले चित्र/इशारा बढी प्रयोग गर्ने, कमजोर आर्थिक पृष्ठभूमिका बालबालिकालाई नि:शुल्क पुस्तक वा सहयोगी सामग्री दिने । यी उपायहरू महँगा हुदैनन् तर प्रभावकारी हुन्छन् ।

नेपाल सरकारले “सबैका लागि शिक्षा” र समावेशीतासहितको शिक्षा नीति ल्याइसकेको छ । यसअनुसार गाउँका विद्यालयमा पनि विशेष आवश्यकता भएका बालबालिकालाई शिक्षा दिन आवश्यक सहयोग गर्ने व्यवस्था हुन्छ । धेरै अध्ययनहरूले देखाएका छन् कि सीमित स्रोतमा पनि लचिलो शिक्षण विधि, शिक्षक तालिम र स्थानीय समुदायको सहभागिताबाट समावेशी शिक्षा प्रभावकारी रूपमा लागू गर्न सकिन्छ । उदाहरणका लागि, चित्रमार्फत सिकाउने, स्थानीय भाषामा बुझाउने वा विद्यार्थीहरूलाई सहकार्यमा सिकाउनेजस्ता सरल तर प्रभावकारी तरिकाले पनि समावेशी वातावरण निर्माण गर्न सकिन्छ ।

ग्रामीण क्षेत्रमा अपाङ्गता भएका बालबालिकाहरू शिक्षाबाट सर्वाधिक वञ्चित छन् । यस्ता ठाउँमा विशेष विद्यालय नहुन सक्छ, तर सबै बालबालिकालाई अलग राख्ने सोचले तिनीहरूलाई अझै टाढा पार्छ । समावेशी शिक्षा भनेको यही समस्याको समाधान हो ।